# प्रदेश राजपत्र


प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, चैत्र ०९ गते, २०७८ साल (अतिरिक्ताङ्क २९


## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको

## सूचना

### अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७८

<u>प्रस्तावना</u> : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ र प्रदेश तथा स्थानीय


आन्तरिक मामिला तथा कानून

तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६ को प्रावधान अनुसार अन्तर्राष्ट्रिय विकास सहायता परिचालनमा प्रदेश सरकारको भूमिका र कार्यलाई व्यवस्थित गरी प्रदेशको समग्र विकासमा अन्तराष्ट्रिय विकास सहायताको प्रभावकारी परिचालन तथा समन्वय गर्दै उच्चतम लाभ प्राप्त गर्न बान्छनीय भएकाले प्रदेश सरकार, मन्त्रिपरिषद्ले प्रदेश नं.१ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७८** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अनुदान सहायता"** भन्नाले फिर्ता गर्नु नपर्ने गरी प्रदेश सरकारलाई भविष्यमा कुनैपनि वित्तीय दायित्व नपर्ने गरी प्राप्त हुने अन्तराष्ट्रिय विकास सहायता सम्झनु पर्छ।

(ख) **"अन्तराष्ट्रिय विकास सहायता"** भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि मित्र राष्ट्र, वहुपक्षीय तथा क्षेत्रीय संस्था र अन्य विश्वव्यापी कोषबाट नेपाल सरकारलाई प्राप्त भई नेपाल सरकार मार्फत प्रदेश सरकारलाई हस्तान्तरण हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहायता सम्झनु पर्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१

(ग) **"अन्तराष्ट्रिय परामर्श सेवा"** भन्नाले विदेशी संस्था वा नागरिकवाट प्राप्त हुने परामर्श सेवा सम्झनु पर्दछ।

(घ) **"सहायक ऋण सम्झौता"** भन्नाले प्रदेश सरकारले प्रस्ताव गरेका योजनाहरुको लागि नेपाल सरकारले विकास साझेदारसँग सम्झौता गरी प्राप्त गरेको वैदेशिक ऋणबाट प्रदेश सरकारले प्राप्त गर्ने ऋणको साँवा रकम, ब्याजदर र भुक्तानी सम्बन्धी शर्तसहित नेपाल सरकार र प्रदेश सरकारबीच हुने सम्झौता सम्झनु पर्छ।

(ङ) **"शोधभर्ना"** भन्नाले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने सम्झौता बमोजिम भएको खर्च रकम विकास साझेदारबाट नेपाल सरकार वा प्रदेश सरकारको कोषमा प्राप्त गर्ने कार्य सम्झनु पर्छ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ।

(छ) **"मन्त्रालय"** भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ।

(ज) **"अर्थ मन्त्रालय"** भन्नाले नेपाल सरकारको संघीय अर्थ मन्त्रालय सम्झनुपर्दछ।

(झ) **"विकास साझेदार"** भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि अन्तर्राष्ट्रिय विकास सहायता प्रदान गर्ने विदेशी राष्ट्र, वहुपक्षिय वा क्षेत्रीय संघ संस्था वा अन्य विश्वव्यापी कोष सम्झनुपर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ञ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(ट) **"स्वयम् सेवक"** भन्नाले नेपाल सरकारसँग हुने सम्झौता बमोजिम प्रदेशमा आई प्रदेश सरकारवाट कुनै पारिश्रमिक नलिने गरी सेवा प्रदान गर्ने निश्चित शैक्षिक योग्यता, विषेशज्ञता र अनुभव भएका विदेशी नागरिक सम्झनु पर्दछ।

(ठ) **"विषयगत मन्त्रालय"** भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय बाहेकका प्रदेश सरकारका अन्य विषयगत मन्त्रालयलाई सम्झनुपर्छ।

(ड) **"वस्तुगत सहायता"** भन्नाले विकास साझेदारले नेपाल सरकार मार्फत अनुदानको रुपमा उपलब्ध गराउने जिन्सी मालसामान, सवारी साधन तथा अन्य उपकरण लगायतका वस्तुगत सहायता सम्झनु पर्छ।

(ढ) **"विपद् व्यवस्थापन र मानवीय सहायता"** भन्नाले विपद्को तत्काल सम्बोधन गरी महामारी, खाद्य असुरक्षा, कुपोषण रोक्न तथा शरणार्थी व्यवस्थापन जस्ता मानवीय कार्यमा परिचालन हुने सहायता सम्झनु पर्छ।

(ण) **"गैरसरकारी संस्था"** भन्नाले प्रदेशमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने प्रचलित कानून बमोजिम दर्ता भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

३. <u>अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका प्राथमिकताहरुः</u> (१) प्रदेशको आवश्यकता र प्राथमकिताका देहायका क्षेत्रहरुमा अन्तराष्ट्रिय विकास सहायता परिचालन गरिने छः

(क) भौतिक पूर्वाधारको निर्माण,

(ख) शिक्षा, स्वास्थ्य, मानव विकास, खानेपानी तथा सरसफाई,

(ग) प्रादेशिक उत्पादन र उत्पादकत्व वृद्धि,

(घ) रोजगारी सिर्जना र गरिबी निवारण एवं क्षमता विकास

(ङ) विज्ञान तथा प्रविधिको विकास तथा हस्तान्तरण,

(च) वातावरण संरक्षण र जलवायु परिवर्तन,

(छ) विपद् व्यवस्थापन,

(ज) प्रदेशको आवधिक योजनामा प्राथमिकतामा रहेका विषयहरु

(झ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयहरु

(ञ) सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रहरुमध्ये प्रदेश सरकारले अन्तर्राष्ट्रिय विकास सहायता लिन उपयुक्त हुने भनी निर्धारण गरेका क्षेत्रहरु।

(२) बजेट सहायता र शर्तरहित सहायतालाई पहिलो प्राथमिकता दिइनेछ। सामान्यतः सबै प्रकारको अन्तर्राष्ट्रिय विकास सहायता प्रदेशको बजेट प्रणालीमा समावेश हुने गरी परिचालन गरिनेछ। वैदेशिक अनुदान र सहयोगबाट प्राप्त हुने स्रोतलाई संघीय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

सरकार वा प्रदेश सरकारले तोकेको प्राथमिकता र आवश्यकताको क्षेत्रमा उपयोग गरिनेछ।

४. <u>आयोजना/कार्यक्रमको सूची तयार गर्नु पर्ने</u> : (१) अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गरी कार्यान्वयन गर्न उपयुक्त हुने, प्रदेश तहको अधिकार क्षेत्रभित्र पर्ने आयोजना/कार्यक्रमहरुको छनौट गरी आयोजना/कार्यक्रमको सूची निर्माणको कार्य मन्त्रालयले गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूची तयार गर्न आयोजना/कार्यक्रम छनौट गर्दा प्रदेश योजना आयोगको समन्वय र सहकार्यमा प्रदेशको आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न योगदान पुऱ्याउने आयोजना/कार्यक्रमहरुको सूची तयार गर्नु पर्नेछ।

५. <u>आयोजना/कार्यक्रमको सूची अद्यावधिक गर्नु पर्ने</u> : (१) दफा ४ बमोजिम तयार भएको सूचीमा रहेका आयोजना/कार्यक्रमहरुबाट विस्तृत परियोजना प्रतिवेदनको आधारमा सम्भाव्य देखिएका आयोजना/कार्यक्रमहरुको विवरण मन्त्रालयले अद्यावधिक गरिराख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना/कार्यक्रम अद्यावधिक गर्न तथा दफा ६ बमोजिम अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गरि कार्यान्वयन गर्न उपयुक्त हुने आयोजना/कार्यक्रमको प्रस्ताव अर्थ मन्त्रालयमा पेश गर्नका लागि देहाय बमोजिमको एक समिति रहनेछः

(क) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय - अध्यक्ष

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ख) उपाध्यक्ष, प्रदेश योजना आयोग - सदस्य

(ग) प्रमुख सचिव वा निजले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश सिचिव - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव, प्रदेश योजना आयोग - सदस्य

(च) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं १ - सदस्य

(छ) महाशाखा प्रमुख, वित्त व्यवस्थापन महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले आवश्यक ठानेका विषयगत मन्त्रालयका सचिव, सम्बन्धित क्षेत्रमा विशेषज्ञता हासिल गरेको व्यक्ति, निजी क्षेत्र तथा अन्य व्यक्तिलाई समितिले आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ।

(४) उपदफा (२) बमोजिम गठित समितिको बैठक आवश्यकताअनुसार अध्यक्षले तोकेको मिति र समयमा सदस्य सचिवले बोलाउनेछ।

६. <u>आयोजना/कार्यक्रम प्रस्ताव गर्नु पर्ने:</u> (१) प्रदेश सरकार अन्तर्गतका निकायबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमको लागि दफा ५ बमोजिम अद्यावधिक गरिएका आयोजना/कार्यक्रमको सूचीमा समावेश भएका आयोजना/कार्यक्रमहरु मध्येबाट संघ वा स्थानीय तहबाट संचालित आयोजना/कार्यक्रमसँग दोहोरो नपर्ने गरी, विस्तृत परियोजना प्रतिवेदन संलग्न राखी अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्न

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

उपयुक्त हुने आयोजना/कार्यक्रमको प्रस्ताव अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रस्ताव प्रदेश सरकार मन्त्रिपरिषद्‌बाट निर्णय गरी, प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६ ले तोकेको ढाँचामा अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा मन्त्रालयले देहायका विषयसमेत खुलाउनु पर्नेछः

(क) आयोजना वा कार्यक्रमसम्बन्धी स्थिती विवरण,

(ख) अन्तर्राष्ट्रिय विकास सहायता आवश्यक पर्ने कारण,

(ग) आयोजना/कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने उपलब्धी र सोबाट पर्ने प्रभाव,

(घ) आयोजना/कार्यक्रम कार्यान्वयन संयन्त्र विधि र क्षमताको प्रवन्ध,

(ङ) प्रस्तावित आयोजना/कार्यक्रम, प्रादेशिक योजनाको मध्यकालीन खर्च संरचनामा परे नपरेको,

(च) अन्तर्राष्ट्रिय विकास सहायताबाट आयोजना/कार्यक्रम सञ्चालन गरेको अनुभवको जानकारी,

(छ) ऋण सहायता माग गर्दा ऋण भुक्तानीको लागि आवश्यक पर्ने स्रोत व्यवस्थापनको प्रस्ताव,

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(ज) कुनै निकायसँग साझेदारीमा आयोजना सञ्चालन गर्ने भए सो विवरण र

(झ) कुनै लक्षित विकास साझेदार भएमा सो विषय।

७. <u>विकास साझेदारसँगको वार्तामा सहभागी हुने:</u> दफा ६ बमोजिम प्रस्ताव गरिएको आयोजना/कार्यक्रम कार्यान्वयन गर्न अर्थ मन्त्रालयले विकास साझेदारहरुसँग गर्ने वार्तामा मन्त्रालयले प्रतिनिधि पठाउन सक्नेछ।

८. <u>प्राविधिक सहायता माग गर्न सक्ने:</u> (१) दफा ६ बमोजिम अर्थ मन्त्रालयमा आयोजना प्रस्ताव गर्दा कुनै आयोजनाको पूर्व सम्भाव्यता, सम्भाव्यता वा विस्तृत परियोजना प्रतिवेदन तयारी गर्न र आयोजना कार्यान्वयन गर्न प्राविधिक जटिलता भएको अवस्थामा अर्थ मन्त्रालयमा प्राविधिक सहायताको लागि माग गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि प्राविधिक सहायता उपलब्ध गराउने सम्बद्ध पक्षसँग अर्थ मन्त्रालयले गरेको सम्झौता र शर्तबमोजिम प्रदेश सरकारले काम कारबाही अगाडी बढाउनु पर्नेछ।

९. <u>अन्तर्राष्ट्रिय विकास सहायताको प्राप्ति:</u> (१) नेपाल सरकारबाट स्वीकृत भई प्रदेश सरकार अन्तर्गत वैदेशिक सहायताबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमको लागि वैदेशिक अनुदानको हकमा प्रचलित कानूनबमोजिम सशर्त अनुदानको रुपमा र ऋणको हकमा सशर्त अनुदान वा सहायक ऋण सम्झौता गरी वित्तीय व्यवस्था अन्तर्गत प्रदेश सरकारले वैदेशिक सहायता प्राप्त गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) वैदेशिक ऋण सहायता अन्तर्गत सञ्चालन हुने आयोजना/कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकारले नेपाल सरकारसँग, प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६ ले तोकेको ढाँचामा सहायक ऋण सम्झौता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको सहायक ऋण सम्झौतामा अन्य विषयको अतिरिक्त ऋण सहायताको व्याजदर, भुक्तानी तालिका, लेखाङ्कन, प्रतिवेदन र शोधभर्नासम्बन्धी अन्य शर्त तथा प्रकृया समेत उल्लेख गर्नु पर्नेछ।

(४) नेपाल सरकार बाट स्वीकृत भई वित्तीय सम्झौता अनुसार प्रदेश संचित कोषमा सोझै जम्मा हुने सहायता रकम बजेटमा समावेश गरी परिचालन गर्नुपर्नेछ।

१०. <u>वस्तुगत सहायता परिचालन गर्नेः</u> संघीय सरकारका विषयगत मन्त्रालयले विकास साझेदारसँग सम्झौता गरी स्वीकार गरेको वस्तुगत सहायता प्रदेशमा प्राप्त भएमा संघीय सरकारका विषयगत मन्त्रालयले विकास साझेदारसँग गरेको सम्झौता बमोजिम हुने गरी प्रदेश सरकारले त्यस्तो वस्तुगत सहायता परिचालन गर्नेछ।

११. <u>विपद् व्यवस्थापन र मानवीय सहायताः</u> विपद्को समयमा प्रदेश सरकारबाट परिचालन हुने गरी नेपाल सरकारले स्वीकार गरेको विपद् व्यवस्थापन र मानवीय सहायता, प्रचलित असल अभ्यासको अनुसरण गर्दै प्रदेश सरकारले परिचालन गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१२. <u>**अन्तर्राष्ट्रिय विकास सहायताको उपयोगः**</u> प्रदेश सरकारले जुन प्रयोजनको लागि अन्तर्राष्ट्रय विकास सहायता प्राप्त गरेको हो सोही प्रयोजनमा मात्र खर्च हुने गरी बजेट विनियोजन गर्ने, खर्च गर्ने, लेखा राख्ने, लेखापरिक्षण गराउने, प्रतिवेदन पेश गर्ने लगायतको कार्य गर्नु पर्नेछ।

१३. <u>**खर्चको प्रतिवेदन तथा शोधभर्नाः**</u> (१) प्रदेश सरकारले संघ सशर्त अनुदानमार्फत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुमा वैदेशिक सहायताको अंशसमेत समावेश भएकोमा त्यस्ता आयोजना/कार्यक्रमहरु कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना/कार्यक्रम कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरु पालना गर्नु वा गराउन पर्नेछ। संघ सशर्त अनुदानको आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने निकायले दातृ निकायसँग भएको वित्तीय सम्झौता तथा आयोजना/कार्यक्रम कार्यान्वयन निर्देशिका संघको सम्बन्धित मन्त्रालय वा निकायबाट प्राप्त गर्नुपर्नेछ।

(२) अन्तराष्ट्रिय विकास सहायताबाट आयोजना/कार्यक्रम सञ्चालन गर्ने प्रदेश सरकार अन्तर्गतको कार्यालयले सम्बन्धित आयोजना/कार्यक्रम सम्झौतामा उल्लेख भएका शर्तहरुका अधिनमा रही खर्च गर्ने, तोकिएको ढाँचामा लेखाङ्कन गर्ने, खर्चको वित्तीय तथा भौतिक प्रगति विवरण, शोधभर्नाका लागि आवश्यक पर्ने विवरण, आर्थिक विवरण, अन्य विवरणहरु, बिल, भौचर वा अन्य कागजातहरु समेत संलग्न गरी नियमित रुपमा सम्बन्धित केन्द्रिय आयोजना व्यवस्थापन इकाई तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(३) प्रदेश सरकारले प्राप्त गरेको अनुदान वा ऋण सहायता अन्तर्गत शोधभर्ना हुने रकममा भएको खर्चसँग सम्बन्धित प्रतिवेदन तथा तोकिएका कागजात समावेश गरी सम्बन्धित एकाईमा शोधभर्ना माग गर्नुपर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम शोधभर्ना गर्न माग गर्दा वा कागजात पठाउँदा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको 'शोधभर्ना हुने वैदेशिक स्रोतको बजेट फुकुवा तथा आयोजना लेखा सिफारिस कार्यविधि' ले तोकेको प्रक्रिया एवम् ढाँचामा शोधभर्नाका लागि पेश गर्नुपर्नेछ।

(५) संघ सशर्त अनुदान अन्तर्गत वैदेशिक स्रोत समावेश भएको कुनै **आयोजना/कार्यक्रम** कार्यान्वयनसँग सम्बन्धित सम्झौता, निर्देशिका तथा मार्गदर्शन प्राप्त गर्ने, खर्च गर्ने कार्यालयमा सोको जानकारी उपलब्ध गराउने, शोधभर्नाको लागि समयमै सम्बन्धित निकायमा तोकिएको प्रतिवेदन पेश गर्ने गराउने कार्यमा सहजीकरण गर्नका लागि, प्रदेश सरकारको विषयगत मन्त्रालयले एकजना सम्पर्क व्यक्ति तोकी सोको जानकारी संघीय सरकारको सम्बन्धित मन्त्रालय, शोधभर्ना माग गर्ने निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

१४. <u>स्वयंसेवक परिचालनः</u> अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा स्वयंसेवकको आवश्यकता परेमा मन्त्रालयले अर्थ मन्त्रालय मार्फत विकास सहायताको खाका सम्झौता बमोजिम प्रदेशमा आई कुनै पारिश्रमिक नलिने गरी स्वयंसेवक माग गर्न सक्नेछ।

१५. **परामर्शदाता परिचालनः** (१) प्रदेश सरकारले अन्तर्राष्ट्रिय विकास सहायता अन्तर्गत आयोजना सञ्चालन गर्दा कुनै कार्य नेपाली नागरिकबाट सम्पादन हुन नसकेमा सो को कारण सहित विदेशी परामर्शदाता परिचालन गर्न अर्थ मन्त्रालयमा सहमतीको लागि अनुरोध गर्नुपर्नेछ।

(२) प्रदेश सरकारले विदेशी परामर्शदाता परिचालनको लागि अर्थ मन्त्रालय समक्ष अनुरोध गर्दा त्यस्तो परामर्शदाता फिर्ता हुने योजना समेत उल्लेख गर्नुपर्नेछ।

१६. **गैरसरकारी संस्थाबाट प्राप्त हुने सहायता परिचालनः** (१) प्रदेशका विषयगत मन्त्रालय वा निकायको कार्यक्षेत्र अन्तर्गत विभिन्न विकास आयोजना कार्यान्वयन गर्ने गरी प्रचलित कानूनबमोजिम समाज कल्याण परिषद्सँग आबद्ध भएका वा प्रदेश कानूनबमोजिम सामाजिक विकास परिषद् वा सामाजिक विकास मन्त्रालयमा दर्ता भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले सञ्चालन गर्ने आयोजना/कार्यक्रमलाई प्रदेश सरकारको वार्षिक विकास कार्यक्रममा समावेश गरी सहायता परिचालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थासँग प्रदेशका विषयगत मन्त्रालय वा निकायले आवश्यक समन्वय, सहकार्य तथा छलफल गर्न सक्नेछ। गैरसरकारी संस्थामार्फत अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको प्रस्ताव गर्दा प्रादेशिक आवश्यकता र प्राथमिकताका क्षेत्रमा परिचालन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको समन्वय र सहकार्यबाट प्रदेश भित्र अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्यक्रमलाई प्रदेशको वार्षिक विकास कार्यक्रममा समावेश गर्नका लागि मन्त्रालयको वेभ साइटमा रहेको वैदेशिक सहायता पोर्टलमा गई आवश्यक विवरण प्रविष्ट गर्न सकिनेछ। आगामी आर्थिक वर्षमा सञ्चालन हुने प्रस्तावित कार्यक्रमको विवरण चालु आर्थिक वर्षको जेठ पन्ध्रगते भित्रमा पोर्टलमा प्रविष्टि गरिसक्नुपर्नेछ।

तर त्यस्तो पोर्टल नबने सम्मको लागि मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालयको सम्बन्धित शाखामा वा इमेल मार्फत विवरण उपलब्ध गराउन सकिनेछ।

(४) भौगोलिक र कार्यक्षेत्रगत दोहोरोपन हटाउन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सञ्चालन गर्ने आयोजनाको निश्चित विषय क्षेत्र र आयोजना सञ्चालन हुने भौगोलिक क्षेत्र मन्त्रालयले तोक्न सक्नेछ।

तर, समाज कल्याण परिषद्मा आवद्ध भएका तथा अर्थ मन्त्रालयको पोर्टलमा विवरण प्रविष्टि गर्ने संस्थाले सञ्चालन गर्ने कार्यक्रमको हकमा अर्थ मन्त्रालयले तोकेको डेभलोपमेन्ट पार्टनर म्यापिङ अनुसार कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(५) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट प्रदेश अन्तर्गतका एक भन्दा बढी जिल्ला वा स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको समन्वय एवम् अनुगमन गर्न सामाजिक विकास मन्त्रालय वा सामाजिक विकास परिषद् र जिल्ला समन्वय समितिसँग मन्त्रालयले अन्तरक्रिया, छलफल तथा सहकार्य गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिम गैरसरकारी संस्थाले सहायता परिचालन गर्दा अन्य कुराको अतिरिक्त देहायको परिधि भित्र रहि आफ्नो कार्यक्रम सञ्चालन गर्नुपर्नेछः-

(क) गैरसरकारी संस्थाले आयोजना/कार्यक्रम छनौट गर्दा सम्बन्धित स्थानीय तहको नेतृत्वमा सहभागितामुलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्नु पर्नेछ। प्रदेशका विषयगत मन्त्रालय वा स्थानीय तहसँग समन्वय गरी, संघ, प्रदेश र स्थानीय तहको आयोजना/कार्यक्रमहरुसँग दोहोरो नपर्ने गरी आयोजना/कार्यक्रम संचालन गर्नु पर्नेछ।

(ख) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सोझै वा राष्ट्रिय गैरसरकारी संस्थामार्फत सहायता परिचालन गर्दा धार्मिक, जातीयता र साम्प्रदायिकता खल्बलाउने राजनीतिक गतिविधि गर्ने तथा राष्ट्रिय संवेदनशिलताका क्षेत्रहरु बाहेकका विकासमूलक कार्यमा गर्नुपर्नेछ।

(ग) जिल्ला भित्रका अन्तर स्थानीय तहलाई कार्यक्षेत्र बनाई आयोजना/कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्थाले जिल्ला समन्वय समितिको समन्वयमा आयोजना/कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(घ) कुनै एक स्थानीय तहभित्र मात्र आयोजना/कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्थाले सम्बन्धित

आन्तरिक मामिला

स्थानीय तहको समन्वयमा आयोजना/कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(ङ) गैरसरकारी संस्थाले सञ्चालन गरेका आयोजना/कार्यक्रमको लागतमा बढीमा २०(विस) प्रतिशतसम्म मात्र प्रशासनिक खर्च गर्न सकिनेछ।

(च) गैरसरकारी संस्थाले परिचालन गरेको विकास सहायताको आयव्यय तथा क्रियाकलापहरुको विवरण पारदर्शिता अभिवृद्धिको लागि वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेछ। यस्ता संस्थाहरुले आयोजना/कार्यक्रम सञ्चालन गरेको स्थानीय तहमा वर्षको एकपटक तेस्रो पक्षद्वारा यस्ता आयोजनाहरूको परीक्षणका साथै सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण समेत गराउनुपर्नेछ।

(छ) विकास साझेदारले सम्झौता बमोजिम नेपाल सरकार वा प्रदेश सरकारका लागि उपलब्ध गराउने भनी छुट्याई सकेको सहायता रकमबाट कट्टा नहुने गरी गैरसरकारी संस्थाले आयोजना/कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

(ज) प्रचलित कानून बमोजिम दर्ता भएका अन्तराष्ट्रिय गैरसरकारी संस्थाले प्रदेश भित्र सञ्चालन गरेका आफ्नो आयोजना/कार्यक्रमको र प्रदेशको वार्षिक विकास कार्यक्रममा समावेश भएका क्रियाकलापको

आन्तरिक समि

प्रगति प्रतिवेदन अर्धवार्षिक रुपमा त्यस्तो अवधि समाप्त भएको मितिले दुई महिनाभित्र मन्त्रालयमा समेत पेश गर्नु पर्नेछ। यस्तो प्रतिवेदनमा उल्लेख गर्नु पर्ने विवरण प्रदेश नं.१ को सामाजिक विकास संस्था नियमावली, २०७५ ले तोकेको ढाँचामा उपलब्ध गराउन सकिनेछ। मन्त्रालयलयले बजेट कार्यान्वयनको वार्षिक प्रतिवेदन तयार गर्दा गैर सरकारी संस्थाबाट प्राप्त उपलब्धीलाई समेत समावेश गरी प्रकाशन गर्नेछ।

(झ) वैदेशिक सहायता परिचालन गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले मन्त्रालयलाई आफ्नो आयोजना/कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित माग भएको विवरण उपलब्ध गराउनु पर्नेछ।

(७) वैदेशिक सहायता परिचालन गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले यस दफामा उल्लेख भए बमोजिम प्रदेशको वार्षिक विकास कार्यक्रममा आफ्नो कार्यक्रम समावेश गर्न र प्रगति प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि आर्थिक वर्षको अवधि गणना गर्दा विक्रम सम्वत, इस्वीसम्वत वा अन्य सम्वतको प्रचलित आर्थिक वर्षको अवधि खुलाई सोही आधारमा विवरण वा प्रतिवेदन उपलब्ध गराउन सकिनेछ।

१७. <u>सहायता परिचालनको विवरण प्रविष्ट गर्नुपर्नेः</u> (१) प्रदेशमा परिचालन भएको अन्तर्राष्ट्रिय विकास सहायताको विवरण संकलन गरी अर्थ

मन्त्रालयले तोकेको ढाँचामा नियमित रुपमा मन्त्रालयले प्रविष्ट गर्नुपर्नेछ।

१८. अन्तराष्ट्रिय विकास सहायता परिचालन तथा समन्वय अनुगमन मुल्यांकन समितिः (१) प्रदेश सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले सञ्चालन गरेका तथा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गरी कार्यान्वयन भएका विकास आयोजना/कार्यक्रमहरुको समीक्षा तथा अनुगमन गर्न देहाय बमोजिम समिति गठन गरिने छः

(क) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -संयोजक

(ख) प्रदेश सचिव वा निजले तोकेको महाशाखा प्रमुख, सम्बन्धित विषयगत मन्त्रालय -सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक, प्रदेश नं १ -सदस्य

(घ) सामाजिक विकास परिषद्को प्रतिनिधि -सदस्य

(ङ) विकास सहायता परिचालन गर्ने संस्थाको नेपाली प्रतिनिधि -सदस्य

(च) महाशाखा प्रमुख, वित्त व्यवस्थापन महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य सचिव

(२) अन्तराष्ट्रिय विकास सहायता परिचालन तथा समन्वय अनुगमन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ वा अन्य पदाधिकारीलाई अनुगमन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुगमन मुल्यांकन समितिले, आवधिक वैठक, समिक्षा तथा अन्तरक्रिया एवं स्थलगत रुपमा समेत अनुगमन मुल्यांकन गर्न सक्नेछ।

(४) अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको क्रममा देखा परेका समस्या प्रदेश तहबाट समाधान हुन नसकेमा आवश्यक निर्देशनका लागि संघीय विषयगत मन्त्रालय वा अर्थ मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

१९. <u>प्रदेशले विकास साझेदारहरुसँग प्रारम्भिक छलफल गर्न सक्नेः</u> (१) मन्त्रालयले कुनै आयोजना/कार्यक्रममा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने सम्बन्धमा विकास साझेदार पहिचान गरी निजहरुसँग प्रारम्भिक छलफल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम छलफल गर्दा वैदेशिक सहायता परिचालन गर्ने क्षेत्रको पहिचान गरी सो सँग सम्बन्धित आयोजनाको विकास वा आयोजनाको सूचीमा समावेश भएका आयोजना/कार्यक्रमको विश्लेषण पश्चात विकास साझेदार खोजी सम्पर्क गरी प्रारम्भीक छलफल गर्नेछ।

(३) उपदफा (१) बमोजिम भएको छलफलको जानकारी लिखित रुपमा अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

२०. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२१. <u>प्रचलित कानूनबमोजिम हुनेः</u> प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकुल नहुने हदसम्म यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित अन्य कानूनबमोजिम हुनेछ।

२२. <u>संशोधन वा खारेजीः</u> यस कार्यविधिलाई प्रदेश सरकारले आवश्यकता अनुसार संशोधन वा खारेज गर्न सक्नेछ।

स्वीकृत मितिः- २०७८/१२/०९

आज्ञाले,
सुमन दाहाल
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**